बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४
चलानी नम्बर :

## गहुँको उन्नत बीउ वितरक सूचिकृत गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८३।०६।२२ गते

वाणगंगा नगरपालिका, कृषि विकास शाखा, कपिलवस्तुबाट आ.व.२०८३/०८४ मा संघीय सरकारबाट प्राप्त सशर्त अनुदानतर्फको **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ)** कार्यक्रम अन्तर्गत गहुँको उन्नत बीउ वितरक मार्फत कृषकहरूलाई बीउ वितरण गरिने भएकोले उक्त कार्यको लागि इच्छुक यस नगरपालिका भित्र रहेका बीउ कारोबारको अनुमति प्राप्त संस्था वा सहकारीहरूलाई सूचीकृत हुन यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** तपसिलमा उल्लिखित कागजातहरू सहित नगरपालिकामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. संस्था/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नियमानुसार नवीकरण/सूचीकृत भएको)।
२. बीउ बिजन विक्रेता अनुमति पत्रको प्रतिलिपि।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।

**नोट:** तोकिएको म्यादभित्र प्राप्त नभएका तथा आवश्यक कागजातहरू पूरा नभएका निवेदनहरूलाई सूचीकृत प्रक्रियामा समावेश गरिने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८५७६२९३७९

२०८३।६।२२
..............
लेष बहादुर के.सी.
कृषि विकास अधिकृत
शाखा प्रमुख

लेष बहादुर के.सी.
कृषि विकास अधिकृत
अधिकृतस्तर आठौं

CamScanner